# रामधुनी नगरपालिका कार्यालय

झुम्का सुनसरी

प्रथम पटक

प.स.: ०७७/०७८ प्रकाशित मिति २०७८।०३।१८

च.नं. १८२६

विषय : पोखरी ठेक्काको लगाउने वारेको १५दिने सुचना ।

उपरोक्त सम्बन्धमा यस नगरपालिका अन्तर्गत तपसिल वमोजिमका पोखरीहरु शिलबन्दि दरभाउपत्र ठेक्का द्वारा वन्दोवस्त गर्नु पर्ने भएकोले सम्वन्धित सबैको जानकारीक लागि यो सार्वजनिक सुचना प्रकासित गरिएको छ । ईच्छुक संघ/संस्था व्यक्तिहरुले तपसिलका सर्तको अधिनमा रही शिलवन्दि दरभाउ पत्र तोकिएको मिति र समयमा छुट्टा छुट्टै दर्ता गराउन हुन अनुरोध छ ।

## तपसिल

| क.सं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक ५ बर्षको लागि रु. | दरभाउ फारम दस्तुर | दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति( कार्यालय समय भित्र) | दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति दिनको १२:०० बजे सम्म | शिलबन्दिदरभाउ पत्र खोलिने मिति दिनको २:०० बजे पछि । |
|---|---|---|---|---|---|---|
| १. | रानी पोखरी, रामधुनी ७ बक्लौरी | १०,००,०००।०० | १०००।०० | २०७८।०४।०१ | २०७८।०४।०३ | २०७८।०४।०३ |

## ठेक्काको सर्तहरु

१. दरभाउ पत्र फारम खरिद गर्ने बुझाउने अन्तिम दिनहरुमा कुनै सार्वजनिक विदा पर्न गएमा विदा पछि लाग्ने कार्यालय खुलेको दिनलाई सो कार्यक्रमको लागि गणना गरिने छ ।

२. शिलबन्दी दरभाउ पत्र फारम फिर्ता नहुने गरि खरिद गरि पेश गर्नु पर्ने छ । आफुले कवोल गरेको अंकको एकमुष्ठ रकममा ५% (ना.प्र.प.को प्रतिलिपी पेश गर्नु पर्ने) एन.आई.सी.एसिया बैकं झुम्का स्थित धरौटी खाता च.हि.नं. ०८९२०५००२७९०८०१५ मा दाखिला गरेको बैक भौचर वा सो वमोजिमको नगदै रकम कार्यालयमा बुझाएको नगदी रसिद संलग्न राखि लाहा छाप शिलवन्दि गरी तोकिएको मिति र समय सम्ममा नगरपालिकाको मुख्य कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । र सोहि दिन दिनको २.०० वजे नियमानुसार दर्ता भएको शिलवन्दि दरभाउ पत्र कार्यालय तथा प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।

३. आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट गरि लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा (कवोल रकम) फरक परेमा अक्षरलाई मान्यता दिईने छ । टेण्डर फारम भर्नेको नेपाली नागरिक्ताको प्रमाणपत्र तथा टेण्डर फरम खरिद गरेको नगदि रसिद अनिवार्य संलग्न राख्नु पर्ने छ ।

४. रित नपुगि दर्ता पेश हुन आएको शिलबन्दी दरभाउ पत्रलाई कुनै पनि शर्तमा मान्यता दिईने छैन ।

५. साविकमा यस कार्यालयलाई तिर्न बुझाउन बाँकी रहने व्यक्तिवा संघ संस्थाले ठेक्कामा सहभागि हुन पाउने छैन ।

६. दरभाउ पत्र फारम जसको नाम वाट जुन प्रयोजनको लागि खरिद गरिएको छ सोहि व्यक्ति वा फर्मको नाममा र सोहि प्रयोजनमा शिलबन्दी दरभाउ पत्र दाखिला (दर्ता) गर्नु पर्ने छ । नाम फेरी दरभाउ पत्र दाखिला गराएमा त्यस्तो दरभाउ पत्रलाई मान्यता दिईने छैन् ।

७. ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ सात दिन भित्रमा आफुले कवोल गरेको रकम एकमुष्ठ बुझाएमा १० प्रतिशत सम्म छुट दिइनेछ ।

८. ठेक्का सम्वन्धि लाग्ने कर दस्तुर ठेकेदारले नै वेहोर्नु पर्ने छ ।

९. पोखरीको सर सफाई ठेकेदार स्वयले गर्नु पर्ने छ ।

१०. मापदण्ड विपरितको काम वा संझौता उलंघन गर्ने काम कुनै पक्ष वाट गर्न पाईने छैन गरेमा सो वाट हुने क्षतिपुर्ती र नियमानुसारको कार्वावाही सोही पक्षले वेहोर्नु पर्ने छ ।

११. सुचनामा लेखिए वाहेकको प्रावधानहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

१२. ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिका मा निहित रहने छ ।

नौट : अन्य विस्तृत कुरा वुझ्नु पर्ने भएमा कार्यालयको फो.नं. ०२५-५६२००५, ०२५-५६२५६६ मा सम्पर्क गरि वा कार्यालय समयमा नगरपालिकाको कार्यालयमा आई वुझ्न सकिने छ ।

..................